# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General
(डोर मुकाम, पांचथर)

अ.छा.बे.

Phone: 4262381
4262415
4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाण्डौ, नेपाल
Babarmahal, Kathmandu Nepal


प.सं.२०७१/७२ मिति २०७१/०८/१२
च.नं.–

**विषयः– लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री स्थानीय विकास अधिकारी ज्यू,
जिल्ला विकास समितिको कार्यालय
पांचथर

त्यस कार्यालयको आर्थिक वर्ष २०७०/७१ को राजस्व/धरौटी/विनियोजन र अन्य कारोवारको आर्थिक विवरण तथा सो सँग सम्वन्धित पेश भए सम्मको लेखाको परीक्षण सम्पन्न गरी तयार गरिएको पाना-२० (वीस) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ । प्रतिवेदनमा उल्लेखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधी ऐन, २०५५ को दफा १९ (१) वमोजिम ३५ दिन भित्र असूल फछ्र्यौट भएको प्रमाण वा बेरुजु कायम गर्न नपर्ने कुनै कारण भए प्रमाण सहितको जबाफ पठाउन हुन अनुरोध गर्दछु । समयमा फछ्र्यौटको प्रमाण वा जबाफ प्राप्त नभएमा संलग्न व्यहोरा महालेखा परीक्षकको बार्षिक (अन्तिम) प्रतिवेदनमा समावेश गरिने व्यहोरा समेत निर्देशानुसार जानकारी गराउँदछु ।

भवदीय

(कुमार थापा)
निर्देशक
डोर प्रमूख

**बोधार्थ तथा कार्यार्थ**

श्री संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय,
सिंहदरवार, काठमाण्डौं : प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
पांचथर : प्रतिवेदन संलग्न छ ।

# लेखापरीक्षणको प्रारम्भिक प्रतिबेदन

कार्यालयको नाम : जिल्ला विकास समितिको कार्यालय, पांचथर ।
आ.व. :२०७०/७१

कार्यालय प्रमुख : स्था.वि.अ. श्री तुलसी बहादुर श्रेष्ठ
लेखा प्रमुख : लेखापाल श्री हिमाल पौडेल

## आर्थिक कारोवारको संक्षिप्त स्थिति:

### जि.वि.स.कोष तथा केन्द्रीय स्तर :

| कार्यालय | गतवर्षको जिम्मेवारी | यस वर्षको आम्दानी | जम्मा आम्दानी | खर्च | वाँकी |
|---|---|---|---|---|---|
| जिल्ला विकास समिति | २०७०८७४२।९२ | २७६३४२२८३।१३ | २९७०५१०२६।०५ | २७५४३१७२३।९४ | २१६५१९३०२।११ |
| जिल्ला उर्जा विकास | ४७९७१६२।११ | ५९४८६७३।५० | १०७४५८३५।६१ | ७३७९५९८।०० | ३३६६२३७।६१ |

### राजश्वतर्फ :

| राजश्व शिर्षक | असूली | दाखीला | बाँकी |
|---|---|---|---|
| विभिन्न | १६११०४५।५० | १६११०४५।५० | ।०० |

१. परिचय : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३ (२) वमोजिम जिल्ला विकास समिति पाँचथरको आर्थिक वर्ष २०७०/७१ को लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन तयार गरिएको छ ।

*२. संक्षिप्त आय व्यय विवरण : एकिकृत आर्थिक विवरण (आय-व्यय)*

**आ.व.२०७०/७१ को एकिकृत आय व्यय विवरण**

| l;=g=+ | o; jif{sf] cfo | | | o; jif{sf] vr{ | | |
|---|---|---|---|---|---|---|
| 1 | **ut cf=j=sf] lhDd]jf/L** | | 20708742.92 | **1_ lh=lj=;=sf]if tkm{** | | 16819110.00 |
| | s_ lh=lj=;=sf]if tkm{ | 13494264.85 | | s_ rfn' tkm{ | 3631544.00 | |
| | ख) कर्मचारी कल्याण कोष ४००५ | 605816.71 | | v_ k"hLut tkm{ | 13187566.00 | |
| | ग) धरौटी ग ३–१ | 2755188.17 | | **2_ g]kfn :/sf/sf] cg'bfg** | | 118356484.00 |
| | घ) सिम एन.कोष ४१५१ | 951519.16 | | s_ lh=lj=;=cg'bfg rfn'÷k"hLut | 38656484.00 | |
| | ङ) विशेष कोष स्थापना (विभिन्न) | 1909400.00 | | v_ uf=lj=;=cg'bfg rfn'÷k"hLut tkm{ | 79700000.00 | |
| | च) युनिसेफ फण्ड ग ४–५–१ | 339050.00 | | **3_ cGo >f]t tkm{** | | 17602931.94 |
| | छ) सि.ए.ए. ४१५३ | 450875.03 | | s_ o'lg;]km km)* | 6975439.00 | |
| | ज) युनिसेफ जि.वि.स. ग ५–८–१ | 202629.00 | | ख) युनिसेफ कार्यक्रम | 701581.00 | |
| 2 | **g]kfn :/sf/sf] cg'bfg** | | 118356484.00 | ग) कर्मचारी कल्याण कोष | 1831101.00 | |
| | s_ lh=lj=;=cg'bfgrfn'÷k"hLut | 38656484.00 | | च) सडक बोर्ड | 2240571.00 | |
| | u_ uf=lj=;=cg'bfg rfn'÷k"hLut | 79700000.00 | | छ) विशेष कोष | 500000.00 | |
| 3 | **आन्तरिक श्रोत तर्फ** | | 16288491.00 | h_ l;dPg sf]if | 5069817.94 | |
| | s{ s/,b:t'/,;]jf z'Ns,ef*f | 7823043.00 | | em_ emf]=k'=Dofrkm)* -uf=lj=;=_ | 284422.00 | |
| | v_ /fhZj af+*kmf+* | 8465448.00 | | **4_ w/f}^L** | 3915220.00 | 3915220.00 |
| 4 | **अन्य श्रोत तर्फ** | | 19273349.26 | **5_ s]lGb|o jh]^sf] vr{** | | 118737978.00 |
| | क) कर्मचारी कल्याण कोष | 1850000.00 | | ग्रामीण खानेपानी तथा सरसफाई का. | 5246345.00 | |
| | ख) झो.पु.म्याचफण्ड (गा.वि.स.) | 284422.00 | | स्थानीय निकाय वित्तिय आयोग | 295660.00 | |
| | ग) सिम.एन.कोष | 5502335.26 | | बौद्धदर्शन प्रवर्धन तथा गुम्वा वि. | 100000.00 | |
| | घ) विशेष कोष | 1200000.00 | | आदिवासी जनजाती उत्थान प्रतिष्ठान | 200000.00 | |
| | ङ) सडक बोर्ड | 2305938.00 | | राष्ट्रिय युवा परिचालन | 774000.00 | |
| | च) युनिसेफ | 725590.00 | | उपेक्षित उत्पीडीत दलित वर्ग उत्थान | 265000.00 | |
| | छ) युनिसेफ फण्ड | 7405064.00 | | स्थानीय शान्ति समिति | 902000.00 | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 5 | **धरौटी** | 3685980.87 | 3685980.87 | रोयल्ट व्यवस्थानि तथा वितरण | 200000.00 | |
| 6 | **केन्द्रिय वजेटको निकासा** | | 118737978.00 | भोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | 11461295.00 | |
| | ग्रामीण खानेपानी तथा सरसफाई का. | 5246345.00 | | स्थानीय यातायात पुर्वाधार क्षेत्रगत | 10904948.00 | |
| | स्थानीय निकाय वित्तिय आयोग | 295660.00 | | साना सिचाई नदी नियन्त्रण | 6979420.00 | |
| | बौद्धदर्शन प्रवर्धन तथा गुम्वा वि. | 100000.00 | | स्थानीय शासन तथा सामुदायिक वि. | 12222910.00 | |
| | आदिवासी जनजाती उत्थान प्रतिष्ठान | 200000.00 | | ज्येष्ठ नागरिक एकल महिला विधवा | 68986400.00 | |
| | राष्ट्रिय युवा परिचालन | 774000.00 | | h_ ;+is[lt k|jw{g | 200000.00 | |
| | उपेक्षित उत्पीडीत दलित वर्ग उत्थान | 265000.00 | | **छ) आगामी वर्षको लागी जिम्मेवारी** | | 21619302.11 |
| | स्थानीय शान्ति समिति | 902000.00 | | 1_ lh=lj=;=sf]if | | |
| | रोयल्ट व्यवस्थानि तथा वितरण | 200000.00 | | क) आन्तरिक आय ग ४-३-१ | 8119774.81 | |
| | भोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | 11461295.00 | | ख) राजश्व बाँडफाँड ग ४-४-१ | 4843871.04 | |
| | स्थानीय यातायात पुर्वाधार क्षेत्रगत | 10904948.00 | | २) कर्मचारी कल्याण कोष ग ५-१-२३ | 624715.71 | |
| | साना सिचाई नदी नियन्त्रण | 6979420.00 | | ३) धरौटी ग ३–१ | 2525949.04 | |
| | स्थानीय शासन तथा सामुदायिक वि. | 12222910.00 | | ४) सिम एन.कोष ४१५१ | 1384036.48 | |
| | ज्येष्ठ नागरिक एकल महिला विधवा | 68986400.00 | | ५) विशेष कोष ग ५-२-१, ग ५-४-१, ग ५-५-१, ग ५-६-१, ग ५-७-१, ग ५-८-१ | 2609400.00 | |
| | संष्कृति प्रवर्धन | 200000.00 | | ६) युनिसेफ फण्ड ग ४–५–१ | 768675.00 | |
| | | | | ७) सि.ए.ए. ४-३-१ | 450875.03 | |
| | | | | ८) युनिसेफ जि.वि.स. ग ५–८–१ | 226638.00 | |
| | | | | ९) सडक बोर्ड ग ४–४–१ | 65367.00 | |
| **जम्मा** | | 297051026.05 | 297051026.05 | | 297051026.05 | 297051026.05 |

## नोट :

२.१ विकेन्द्रित कार्यक्रम अनुसार जिल्लास्थित विभिन्न कार्यालयलाई निकासा दिएको रकम यसमा समावेश छैन ।

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>उपरोक्त बमोजिमको आर्थिक कारोबारको लागि स्वीकृत बिस्तृत लेखापरीक्षण योजना अनुसार जोखिमको आधारमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गरीएको छ । लेखापरीक्षण बाट देखिएका ब्यहोरा उपर मिति २०७१।०८। मा व्यवस्थापन सँग छलफल गरी यो प्रतिबेदन तयार गरिएको छ । लेखापरिक्षण प्रतिबेदनमा औंल्याइएका ब्यहोराले निर्देश गरेको बाहेक आर्थिक बिबरण मार्फत प्रस्तुत आर्थिक कारोबारले यस कार्यालयको बिनियोजन, राजस्व र धरौटी हिसाबको यर्थाथ चित्रण गर्दछ । लेखापरीक्षण बाट देखिएका ब्यहोरा निम्नानुसार प्रस्तुत गरिएको छ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>3</td><td></td><td>आय व्यय विवरणमा समावेश भएको युनिसेफ(डकाव) कार्यक्रमको लागि प्राप्त भएको रकम मध्ये जिल्ला शिक्षा कार्यालय,जिल्ला स्वास्थ्य कार्यालय र जिल्ला खोनेपानी तथा सरसफाई सवडिभिजन कार्यालयलाई गएको निकासा रु ६२४९८४९/- को लेखापरीक्षण सम्बन्धित कार्यालयले लेखापरिक्षण गराउने भनी उक्त रकमको लेखापरीक्षण गरिएको छैन ।</td><td></td><td></td><td></td></tr>
<tr><td>4</td><td></td><td>पेश्की :<br>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२ (१) मा पेश्की लिनु पर्दा कुन कार्यको लागि, के कति रकम चाहिने हो, सो को विवरण पेश गर्नुपर्ने, नियम १८२ (२) मा अधिकार प्राप्त अधिकारीले सम्बन्धित कामको लागि आवश्यक पर्ने भन्दा बढी नहुने गरी पेश्की दिने कर्मचारीको हकमा पद र प्रयोजन तथा गैर कर्मचारीको हकमा त्यस्तो व्यक्तिको तीन पुस्ते स्थायी, अस्थायी ठेगाना समेत स्पष्ट लेखी पेश्की दिनु पर्ने, नियम १८२ (३) मा तोकिएको म्याद भित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्ने वा गराउनु पेश्की दिने लिने दुवैको कर्तव्य रहने व्यवस्था छ । त्यस्तै नियम १८५ (२) मा पेश्की दिनुपर्ने ठेक्का कवुलियतनामा गर्दा काम तामेल हुनु पर्ने भनी तोकिएको म्याद भित्र काम तामेल नभई पेश्की बाँकी रहन गएमा त्यस्तो पेश्की रकमको म्याद नाघेको मिति देखि वार्षिक दश प्रतिशतका दरले व्याज र साँवा समेत बुझाउनु पर्ने कुरा कबुलियतनामाको शर्तमा उल्लेख हुनुपर्ने व्यवस्था छ । देहायको कार्यक्रमबाट निम्नानुसारको व्यक्ति तथा संस्थालाई गएको पेश्की आर्थिक वर्षको अन्त्य सम्म फछ्यौट नभई बाँकी रहेकाले नियमानुसार असुल फर्छौट हुनु पर्ने
<table>
<tr><th>बजेट शिर्षक नं.</th><th>पेश्की मिति</th><th>पेश्की लिनेको नाम</th><th>रकम</th></tr>
<tr><td>३६५८०१३ ,जि.वि.स. अनुदान चालु</td><td>२०७१/०३/१३</td><td>वातावरण अधिकृत निमेश कोइराला</td><td>७००००/-</td></tr>
<tr><td>,,</td><td>२०७१/०३/१३</td><td>मा.सभासद श्री अइन्द्र सुन्दर नेम्बाङ</td><td>२६५०००/-</td></tr>
<tr><td>जि.वि.स. कोष आन्तरिक स्रोत</td><td>२०७०/०९/१८</td><td>सिलौटी माउन्ट भ्यु एण्ड रिसर्च सेन्टर प्रा.लि. पौवासारताप</td><td>७५०००/-</td></tr>
<tr><td>,,</td><td>२०७०/१०/२१</td><td>पत्रकार महासंघ जि.शाखा पाँचथर</td><td>३५०००/-</td></tr>
<tr><td>बालमैत्री स्थानीय शासन कार्यक्रम (युनिसेफ )</td><td>२०७०/०५/१३</td><td>ना.सु. दुर्गा तिम्सिना</td><td>६७७६०/-</td></tr>
</table></td><td>५१२७६०।००</td><td></td><td></td></tr>
<tr><td>4</td><td></td><td><u>पेश्की जिम्मेवारी सम्बन्धमा :</u><br>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १९१ मा कामकाजको निमित्त एक आर्थिक वर्षमा गएको पेश्की रकम सोही आर्थिक वर्षमा फछ्र्यौट हुन नसकेमा अधिकार प्राप्त अधिकारीले त्यसरी फछ्र्यौट हुन बाँकी रहेको पेश्की जिम्मेवारी सारी प्रमाणित गर्नु पर्ने र यसरी सारिएको पेश्की रकम यस नियमावली बमोजिम फछ्र्यौट गर्नु पर्ने भन्ने उल्लेख छ । कार्यालयबाट</td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>उपलब्ध गराइएको जि.वि.स.कोषको आर्थिक वर्ष २०७०।७१ को एकिकृत पेश्की विवरण अुनसार गत वर्षसम्म बाँकी रहेको पेश्की रु.४४४३३७७/- मध्ये यस वर्ष रु २,२८,८००।- फछ्र्यौट भई रु.४२२४५७७/- बाँकी रहेकोमा यो वर्षको रु.५,१२,७६०।- थप भई रु.४७,३७,३३७।- पेश्की बाँकी रहेको विवरण प्राप्त भएको छ। गत वर्ष कार्यालयले उपलब्ध गराएको विवरण अनुसार गत वर्षसम्म रु.४४३९८७७/- पेश्की बाँकी रहेको उल्लेख गरेकोमा यो वर्ष उपलब्ध गराएको विवरणमा गत वर्ष सम्म रु.४४४३३७७/- मात्र बाँकी रहेको विवरणबाट देखिन्छ। गत वर्ष उपलब्ध गराएको भन्दा रु.३५००।- फरक पर्नाको कारण स्पष्ट हुनु पर्दछ। विगत वर्ष देखी गएको पेश्की फछ्र्यौट गराउने तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ।</td><td></td><td></td><td></td></tr>
<tr><td>5</td><td></td><td><u>आन्तरिक लेखापरीक्षण :</u><br>स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २३२ (१) अनुसार जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था गरेको छ। त्यस्तै स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ५८ (क) मा आय व्यय र धरौटीको स्रेस्ताको मासिक रुपमा लेखापरिक्षण गर्नुपर्ने उल्लेख छ। यस जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षण शाखाले चौमासिकरुपमा आन्तरिक लेखापरीक्षण गरेको छ। जिल्ला विकास समितिको आन्तरिक लेखापरीक्षकले गाविस र विकेन्द्रीत कार्यालयको समेत आन्तरिक लेखापरीक्षण गर्नुपर्ने र समयमै लेखापरीक्षण गर्न नसक्नु, आ.ले.प.का कर्मचारीलाई प्रभावकारी तालिमको व्यवस्था हुन नसक्नु जस्ता कारण रहेको देखिन्छ। आन्तरिक लेखा परीक्षकले प्रभावकारी लेखापरीक्षण गरी सोको प्रतिवेदन समयमै दिन नसक्दा आर्थिक प्रशासनमा अपेक्षाकृत सुधार हुन नसक्ने हुन्छ। नियमको प्रावधान अनुरुप लेखापरीक्षण गर्ने, सोको प्रतिवेदन दिने र प्राप्त प्रतिवेदनको आधारमा भएका कमि कमजोरीहरुलाई सुधार गर्नेतर्फ आन्तरिक लेखा परीक्षकको साथै सम्बन्धित निकायको ध्यान जानु पर्ने देखिन्छ।</td><td></td><td></td><td></td></tr>
<tr><td>6<br><br><br><br><br><br><br><br><br><br>7<br><br><br><br><br>8</td><td></td><td>प्रगति र खर्चको विवरण : बिभिन्न संचालित कार्यक्रमको लागि तोकिए अनुरुपको रकम खर्च गरी परिलक्षित उद्देश्य हासिल हुनु पर्दछ। कार्यालयले देहायका कार्यक्रमबाट निम्नानुसारको योजनामा बिभिन्न निर्माण कार्य गर्न रकम उपलब्ध गराएकोमा कार्यक्रम खर्च गर्न दिएको खर्चको विवरण र प्रगति प्राप्त गरी राखेको तथा उद्देश्य अनुरुप खर्च भए नभएको अनुगमन गरी राखेको देखिएन। आन्तरिक नियन्त्रणको अभावमा अनुगमन खर्चको विवरण र प्रगति प्रतिवेदन प्राप्त हुन नसकेको देखियो। यस्तो अवस्थामा तोकिए अनुरुपको आयोजनामा खर्च हुन नसक्ने हुँदा यस तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ।
<table>
<tr><th>ब.उ.शि.नं.</th><th>कार्यक्रम</th><th>भौ.नं.</th><th>उपलब्ध गराएका कार्यक्रमको संख्या</th><th>रकम</th></tr>
<tr><td>३६५८०१३</td><td>जि.वि.स.कोष</td><td>विभिन्न</td><td>१४</td><td>20,00,000/-</td></tr>
<tr><td>३४९८०१३</td><td>शान्ति समिति</td><td>,,</td><td>४१</td><td>902000/-</td></tr>
<tr><td>३६५८०९३</td><td>स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम</td><td>,,</td><td>११</td><td>4515000/-</td></tr>
</table>
<u>अनुगमन प्रतिवेदन :</u><br>स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि ,२०६९ को ३४(१) मा स्थानीय निकायले आफ्नो क्षेत्रभित्र संचालित कार्यक्रम वा आयोजनाको अनुगमन, प्रगति प्रतिवेदन र त्यसको समिक्षा सहितको विवरण परिषदमा छलफल गराई सोको प्रतिवेदन गाउँ विकास समिति ले जिल्ला विकास समितिमा र नगरपालिका र जिल्ला विकास समितिले मन्त्रालयमा पठाउनुपर्ने उल्लेख छ। यस कार्यालयबाट सो अनुरुपको अनुगमन, प्रगति प्रतिवेदन परिषदमा छलफल गराएको देखिएन। यस तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।<br><u>अनुगमन :</u><br>स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि ,२०६९ को दफा ३३ मा संचालित आयोजनाको अनुगमन, सुपरिवेक्षण गर्नुपर्ने उल्लेख छ। यस कार्यालयबाट देहायको निर्माण सामाग्री खरिद गरी विभिन्न योजनामा वितरण गरेको देखिन्छ। वितरण भएका सामाग्री सही रुपमा उपयोग भए नभएको उक्त कार्यबाट परीलक्षीत उद्देश्य हासिल भए नभएको तोकिएको कार्य</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं. र मिति | विवरण | रकम | फछ्र्यौटको व्यहोरा | रकम |
|---|---|---|---|---|---|

सम्पन्न भए नभएको सम्बन्धमा अनुगमन गर्ने व्यवस्था हुनुपर्ने देखिन्छ । आयोजनाको लागि गएको सामग्रीको खपत समेत नापी किताबमा उल्लेख हुने गरेको देखिँदैन । यस्तो अवस्थामा आन्तरिक नियन्त्रण कायम नहुने हुँदा अनुगमन गरी प्रतिवेदन लिने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

**उदाहरणार्थ**

| विवरण | यो वर्ष खरिद परिमण | गत वर्ष अल्या परीमाण | जम्मा | खर्च | बाँकी | यो वर्ष खरिद खर्च रकम |
|---|---|---|---|---|---|---|
| विभिन्न साइजको पाइप | ३२३८७ मिटर | २८५३०मिटर | ६०९१७ मिटर | ५२३६२ | ८५५५ | ८६१८६४/- |
| जस्तापाता | १०७.५वण्डल | १७.५ वण्डल | १२५ वण्डल | ९३.१९ | ३१.८१ | ५४६६५१/- |
| ग्यावीन बक्स जाली | ३९९ थान | - | ३९९ थान | २५७ | १४२ | ९२९१४६/- |
| काठको विद्युत पोल ९ मिटरको | ४९ वटा | - | ४९ वटा | ८ वटा | ४१ | १३९८६१७/- |
| ,, ,, ८ मिटरको | ३१७ ,, | - | ३१७ ,, | १७७ | १४० | |
| स्टील विद्युत पोल ८ मिटर | २८ ,, | - | २८ ,, | २८ ,, | | ९४९४२०/- |
| एल्मुनियम तार | १२१०० मिटर | | १२१०० | १२१०० मिटर | | |

9 **नापी किताव :**

यस कार्यालयबाट क्रमागत रुपमा संचालित सडक तथा खानेपानी योजनाको योजनाको क्रमागत रुपमा कार्य देखिने नापी किताव तयार नगरी प्रत्येक वर्ष परिवर्तन गर्ने गरेको देखियो । यस्तो अवस्थामा गत विगतमा भएको कार्य , आयोजनाको लागि गएको निर्माण सामग्री नदेखिने हुँदा एउटै बनाउने र आयोजनामा कार्यालयबाट गएको निर्माण सामग्रीको खपत उल्लेख गर्नुपर्ने नापी किताव लिँदा अध्यावधिक रुपमा च्यानेज नं. तथा ठाउँ उल्लेख गर्ने गरेको देखिएन । यस तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।

10 **अभिलेखः** कार्यालयबाट गरिएको सर्वे तथा अध्ययन प्रतिवेदनको अध्यावधिक रुपमा अभिलेख राख्नु पर्दछ । यो वर्ष २ वटा योजनाको सर्वेक्षण गरी प्रतिवेदन तयार गरेवापत र संचालित सडकको स्थलगत प्रभाव मूल्याङ्कन गरेवापत समेतको रु ५१३१६६/- खर्च लेखेकोमा उक्त प्रतिवेदन दाखिला गरी अभिलेख राखी अध्यावधिक गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

11 **प्रतिस्पर्धाको स्थिति** : यो वर्ष कार्यालयले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट देहाय अनुसारको ठेक्का बन्दोवस्त गरेकोमा प्रतिस्पर्धा सीमित हुन गई लागत अनुमानको हाराहारीमा ठेक्का बन्दोवस्त भएको देखिन आयो । यसरी प्रतिस्पर्धा नहुँदा बढी रकम भुक्तानी हुन गएको देखियो । ठेक्का बन्दोवस्त गर्दा प्रतिस्पर्धी हुनु पर्ने देखिन्छ ।

| क्र.सं. | विवरण | बोलपत्र बिक्रि संख्या | बोलपत्र दाखिला संख्या | बोलपत्र फिर्ता संख्या | लागत अनुमान | स्वीकृत रकम |
|---|---|---|---|---|---|---|
| 1. | साम्दीन मायालुमोड चोकमागु | 35 | 3 | - | 976787/- | 976311/- |
| 2. | थर्पु मेदिबुङ दाहाल गाउँ सडक | 36 | 3 | - | 689538/- | 686209/- |

| सि.नं. | भौ.नं. र मिति | विवरण | रकम | फछ्र्यौटको व्यहोरा | रकम |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| 3. | हिलिहाङ पंचमी नक्कलेघाट | 34 | 3 | - | 632085/- | 630699/- |
| 4. | फेगुम्बा सेजेपा तृतीया भञ्ज्याङ | 13 | 3 | - | 441618/- | 432705/- |

12

**<u>समयमा ठेक्का बन्दोवस्त नगरेको :</u>**

आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २०(३) मा वार्षिक वजेट कार्यक्रम र कार्यान्वयन तालिका बनाउदा लागत अनुमान बनाउने, बोल पत्र आह्वान गरी स्वीकृत गर्ने स्थानीय निकाय वा उपभोक्ता समितिको सहयोग जुटाउन र सामग्री उपलब्ध र ढुवानी गराई कार्यान्वयन गर्ने विषय लाई समेत ध्यान दिनु पर्दछ। कार्यक्रम सुचारु रुपले सहयोग र स्वीकृति वारे पत्राचार र छलफल गर्ने कार्य तथा लागत अनुमान तयार गर्ने ठेक्का स्वीकृत गर्ने कार्य समेत चौमासिक अवधिमा समाप्त गरी सक्नु पर्दछ भन्ने उल्लेख छ। कार्यालयबाट प्राप्त ठेक्का बन्दोवस्त सम्बन्धि विवरणमा उल्लेख भए अनुसार देहायको अवधिमा देहाय अनुसार ठेक्का बन्दोवस्त भएको देखिन्छ। कार्यक्रम पश्चात ......... ले संचालन गर्ने समयमै ठेक्का बन्दोवस्त गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ।

| सि. नं. | कार्यक्रमको नाम | ठेक्का सम्झौता (चौमासिकमा) | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | | प्रथम | | दोस्रो | | तेस्रो | | यो वर्ष सम्पन्न | |
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| 1 | कोष पुजिगत | 2 | 1246 | - | - | 2 | 1246 | - | - | 2 | 1246 |
| 2 | जि.वि.स. पुजिगत अनुदान | 3 | 2119 | - | - | 1 | 748 | 2 | 1370 | 3 | 2119 |
| 3 | स्थानीय यातायात तथा पूर्वाधार क्षेत्रगत कार्यक्रम | 3 | 1090 | - | - | - | - | 3 | 1090 | 3 | 1090 |
| 4 | ग्रामीण खोनेपानी तथा सरसफाई कार्यक्रम | 1 | 768 | - | - | 1 | 768 | - | - | 1 | 768 |
| 5 | सडक वोर्ड नेपाल | 3 | 2292 | - | - | 3 | 2292 | - | - | 3 | 2292 |
| 6 | झोलुङ्गे पुल कार्यक्रम | 2 | 4174 | - | - | 2 | 4174 | - | - | 2 | 4174 |
| 7 | स्थानीय पूर्वाधार विकास कार्यत्रम कृषि सडक | 3 | 2618 | - | - | 1 | 712 | 2 | 1906 | 3 | 2618 |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>13</td><td></td><td><u>जिन्सी व्यवस्थापन :</u> स्थानीय निकाय आर्थिक नियमावली २०६४ को नियम २१४ मा कार्यालयले लगत खडा गरी राखिएको माल सामान के कस्तो आवस्थामा छ, अधिकार प्राप्त अधिकारीले एक वर्षमा कम्तिमा एक पटक स्वयम वा मालसामान जिम्मा लिने कर्मचारीले बाहेक अन्य छुट्टै कर्मचारी वा ,प्राविधिकद्वारा निरिक्षण गरी वा गर्न लगाई प्रतिवेदन प्राप्त भएपछि आम्दानी बाँध्न छुट भएका कुनै मालसामान भएमा मुल्य र विवरण खुलाई आम्दानी बाँध्नु पर्ने हुन्छ । यसै गरि निरिक्षण प्रतिवेदन प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले लिलाम विक्रि गर्नुपर्ने मालसामान ६ महिना भित्र मर्मत संभार गर्नुपर्ने भए सोको लागि बजेट व्यवस्थापन गरि ३ महिना भित्र गरिसक्नुपर्ने व्यवस्था छ । कार्यालयको आर्थिक वर्ष ०७०/७१ को जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भएअनुरुप तथा कार्यालयले उपलब्ध गराएको बेचल्तीको सम्पत्तीको विवरण अनुसूचि १९मा उल्लेख भए अनुसार निम्न सामान लिलाम विक्रि गर्नु पर्ने उल्लेख भएको देखिन्छ । लिलाम विक्रि गर्नु पर्ने सामान समयमै लिलाम विक्रि भएमा कार्यालयलाई राजश्व रकम समयमै प्राप्त हुने हुँदा यस तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।
<table>
<tr><th>सि.नं</th><th>जिन्सि सामान</th><th>मौज्दात</th><th>उपयोग</th><th>लिलाम पर्ने सं.</th></tr>
<tr><td>१</td><td>मे १ च ३३३ नं. गाडी</td><td>।</td><td></td><td>१</td></tr>
<tr><td>२</td><td>मोटर साइकल ४२११</td><td>।</td><td></td><td>१</td></tr>
<tr><td>३</td><td>मोटर साइकल ४११०</td><td>।</td><td></td><td></td></tr>
<tr><td>४</td><td>वि.सी.जी. ट्रयाक डोजर</td><td>।</td><td></td><td>१</td></tr>
<tr><td>५</td><td>ल्यापटप</td><td></td><td></td><td>४</td></tr>
<tr><td>६</td><td>ब्याट्री इन्भरटरको १२ भोल्ट</td><td></td><td></td><td>४</td></tr>
</table></td><td></td><td></td><td></td></tr>
<tr><td>14</td><td></td><td><u>तेस्रो चौमासिक तथा आषाढ महिनाको खर्च :</u> अर्थ मन्त्रालयको नीतिगत परिपत्र अनुसार तेस्रो चौमासिक कुल वार्षिक बजेटको ४०% र असार महिनामा २०% भन्दा बढी खर्च गर्न नहुने उल्लेख छ । कार्यालयले संचालन गर्ने बिभिन्न कार्यक्रमको चौमासिक कार्य तालिका बनाई सोही अनुरुप कार्य संचालन र खर्च गर्नु पर्दछ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कार्यालयको केन्द्रीय बजेट शीर्षकको तेस्रो चौमासिक र आषाढ महिनाको खर्चको स्थिति देहाय अनुसार छ । तेस्रो चौमासिक तथा आषाढ महिनामा बढी खर्च गर्दा खर्चको सहीरुपमा सदुपयोग नहुनु, जथाभावी खर्च हुने, अनुगमन, सुपरभिजन हुन कठीनाई हुने र गुणस्तरमा प्रभाव पर्ने हुँदा आर्थिक वर्षको अन्त्यमा ठूलो परिमाणमा खर्च गर्ने तर्फ नियन्त्रण गरी समयमै खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।
<table>
<tr><th>सि.नं</th><th>ब.उ.शि.नं.</th><th>कार्यक्रम</th><th>कूल खर्च</th><th>तेस्रो चौमासिकमा खर्च</th><th>तेस्रो चौमासिकमा खर्चको प्रतिशत</th><th>आषाढ महिनाको खर्च</th><th>आषाढ महिनाको खर्च प्रतिशत</th></tr>
<tr><td>१</td><td>३६५८०१३</td><td>जि.वि.स. अनुदान</td><td>38656484/-</td><td>24703905/-</td><td>63.9%</td><td>10375218/-</td><td>26.83%</td></tr>
<tr><td>२</td><td>३६५८०२३</td><td>गा.वि.स. अनुदान</td><td>79700000/-</td><td>46329236/-</td><td>58.12%</td><td>10719354/-</td><td>13.44%</td></tr>
<tr><td>३</td><td>३६५८०४३</td><td>ग्रामीण खानेपानी</td><td>5246345/-</td><td>3907739/-</td><td>74.48%</td><td>1923326/-</td><td>26.66%</td></tr>
<tr><td>४</td><td>३४९८०१३</td><td>स्थानीय शान्ति समिति</td><td>902000/-</td><td>902000/-</td><td>100%</td><td>176000/-</td><td>19.51</td></tr>
<tr><td>५</td><td>३४३१०१३</td><td>राष्ट्रि युवा परिचालन</td><td>774000/-</td><td>774000/-</td><td>100</td><td>103425/-</td><td>13.36</td></tr>
<tr><td>६</td><td>३६५१०४३</td><td>स्थानीय निकाय वित्तिय आयोग</td><td>295660/-</td><td>37500/-</td><td>12.68</td><td>-</td><td>-</td></tr>
</table></td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं. र मिति | विवरण | रकम | फछ्र्यौटको व्यहोरा | रकम |
| --- | --- | --- | --- | --- | --- |

| | | | | | | | |
| --- | --- | --- | --- | --- | --- | --- | --- |
| ७ | ३६५०१५३ | ज्येष्ठ नागरिक | 68986400/- | 29242800/- | 42.38 | 26198000/- | 37.97 |
| ८ | ३६५८१९३ | स्थानीय शासन | 12222910/- | 9233028/- | 75.53 | 8625028/- | 70.56 |
| ९ | ३६५८०९३ | झोलुङ्गे पुल | 11461295/- | 7164858/- | 62.51 | 1045649/- | 9.12 |
| 10 | 3658083 | स्थानीय यातायात | 10904948/- | 10720043/- | 98.30 | 6475919/- | 59.38 |
| 11 | 3658373 | साना सिचाई | 6979420/- | 4901683/- | 70.23 | 3082233/- | 44.16 |
| 12 | 3651013 | बौद्ध दर्शन | 100000/- | 100000/- | 100 | - | - |
| 13 | 3651053 | आदिवासि जनजाति | 200000/- | 150000/- | 75 | 150000/- | 75 |
| 14 | 3651063 | उपेक्षीत उत्पीडीत | 265000/- | 183000/- | 69.05 | 11000/- | 4.15 |
| 15 | 3681093 | रोयल्टी व्यवस्थापन | 200000/- | 200000/- | 100 | - | - |
| कुल जम्मा | | | 236894462/- | 138549792/- | 58.48 | 168885152/- | 29.07 |

15

**<u>योजना हस्तान्तरण :</u>** स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १५५(५) (ज) को प्रावधान अनुरुप उपभोग समितिले जिम्मा लिएको कार्य सम्पन्न भएपछि सो को रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी समेत सोही आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्नु पर्नेछ भन्ने उल्लेख छ । कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्ष संचालित योजनाको अवस्था देहाय अनुसार छ । विवरण अनुसार सम्पूर्ण आयोजना हस्तान्तरण गरेको देखिएन । यसरी योजना हस्तान्तरण नगर्दा मर्मत सम्भार गर्ने जिम्मेवारी उपभोक्ता समितिको नहुने हुँदा नियमानुसार योजना हस्तान्तरण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।

| सि. नं. | कार्यक्रमको नाम | योजना | | | | |
| --- | --- | --- | --- | --- | --- | --- |
| | | संचालित | सम्पन्न | हस्तान्तरण | बजेट | खर्च |
| १. | जि.वि.स.आकस्मिक मर्मत | 12 | 12 | - | 1800 | 1800 |
| २. | झो.पु. क्षेत्रगत कार्यक्रम | 9 | 8 | - | 9600 | 9104 |
| ३. | बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्वा वि.स. | 2 | 2 | - | 100 | 100 |
| ४. | जि.वि.स.पुजिगत अनुदान | २६ | २६ | - | ४४३२ | ३९४२ |
| ५. | ग्रामिण खानेपानी तथा सरसफाई कार्यक्रम | ४ | ४ | - | २८७१ | २६८६ |
| ६. | स्थानीय यातायात पूर्वाधार वि.का. | १५ | १५ | - | ९८१० | ९६१८ |
| ७. | साना सिंचाई | ४ | ४ | | ३६४० | ३६४० |
| ८. | सडक बोर्ड नेपाल | ३ | ३ | | १९०० | १९०० |

| सि.नं. | भौ.नं. र मिति | विवरण | रकम | फछ्र्यौटको व्यहोरा | रकम |
|---|---|---|---|---|---|
| 16 | | रु ५ लाख भन्दा घटीका योजना छनौट गरेको : (विवरण तल) | | | |

**रु ५ लाख भन्दा घटीका योजना छनौट गरेको :**

स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ (२) मा आर्थिक सामाजिक एवं भौतिक पूर्वाधार विकास अन्तर्गत विनियोजन भएको रकमबाट गाउँ विकास समितिले २ लाख नगरपालिकाले ५ लाख उप महानगर पालिकाले ७ लाख र महानगरपालिकाले दश लाख तथा जिल्ला विकास समितिले ५ लाख भन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न सक्ने छैनन भन्ने उल्लेख छ । यस कार्यालयले यो वर्ष देहाय अनुसारका रु ५ लाख भन्दा घटीका योजना छनौट गरेको देखियो । स-साना धेरै योजना छनौट गर्दा सुपरभिजनमा कठीनाई हुने हुँखा योजना नहुने तथा छिट्टै प्रतिफल हासिल नहुने हुँदा निर्देशिका अनुरुप योजना छनौट गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।

**उदाहरणार्थ**

| कार्यक्रम | योजनाको नाम | विनियोजित रकम |
|---|---|---|
| जि.वि.स.कोष पुजिगत | मेलबोटे सिस्नेरी निवुखोला नवमीडाँडा सडक | 200000/- |
| | फिदिम दंगाल गाउँ चोकमागु सडक फिदिम | 100000/- |
| | आरुबोटे लिम्बा गुम्बाडाँडा सडक आरुबोटे | 100000/- |
| | रवि खेसाङ खोप्पा आरुबोटे रवि | 100000/- |
| | थर्पु देविस्थान सडक थर्पु | 100000/- |
| | कन्याटार खान्द्रोङ तिनतले ..... लिम्बा सडक | 200000/- |
| | उत्तरे खान्द्राङ मजुवा आठभैया सराङडाँडा सडक | 200000/- |
| | सुभाङ ६ गल्छीना तिनछाँगे झरना पर्यटन क्षेत्र सडक | 200000/- |
| | फलैचा धिमाले तिम्बुपोखरी सडक फलैचा | 100000/- |
| | नाँगीन वायक फेजुङ तमाखे रानीटार सडक | 200000/- |
| | सेरेजा नाम्रेक ठिगेपुर लामपोखरी सडक फलैचा | 200000/- |
| | नागीन ९ चाक्सीबोटे पाथीभरा सडक | 200000/- |
| | फिदिम ४ शान्तिमार्ग फिदिम | 100000/- |

**(ख) योजना स्वीकृत नभएको :**स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा २०(३) मा जिल्ला विकास समितिबाट सञ्चालन गरिने आयोजना जिल्ला परिषदबाट स्वीकृत हुनु पर्ने उल्लेख छ । यस कार्यालयबाट संचालित देहायका आयोजना तथा कार्यक्रम जिल्ला परिषदबाट स्वीकृत नभई संचालन भएको देखियो । यसरी कार्यक्रम संचालन गर्दा जनताका अत्यावश्यक कार्यक्रमले प्रवेश नपाउने अवस्था समेत सिर्जना हुने र योजना छनौटमा आन्तरिक नियन्त्रण नहुने हुँदा जिल्ला परिषदबाट आयोजना स्वीकृत गरी कार्यान्वयन गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ । मन्त्रालयबाट योजना तोकी पठाएकाले परीषदबाट योजना स्वीकृति नभएको व्यवस्थापन पक्षको भनाई छ ।

उदाहरणार्थ :

| ब.उ.शि.नं. | कार्यक्रमको नाम | रकम रु हजारमा |
|---|---|---|
| 3658013 | भक्तशाला देवशाला मन्दिर जीर्णोदार | 500 |
| | जोरधारा खेल मैदान लिम्बा ८ | 400 |
| | मौवा २ खानेपानी योजना | 300 |
| | सिलसिले नाम्रेक लामपोखरी निर्माणाधीन सडक | 400 |
| | लखुवा हाक्पारा कुसुमे डिहीटार सडक | 400 |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td><table><tr><td></td><td>निर्माण</td><td></td></tr><tr><td></td><td>ममेङ ४ भालेवङ लामपोखरी निर्माणाधिन सडक</td><td>300</td></tr></table></td><td></td><td></td><td></td></tr>
<tr><td>17</td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली : कुनै पनि कार्यालयले आफूले सम्पादन गर्ने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचालित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको उपर्युक्त आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्दछ । लेखापरीक्षणको क्रममा आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कनको लागि भरिएको अनुसूची २२ को चेकलिष्ट अनुसार देखिएको व्यहोरा निम्नानुसार छन् :<br>१. कार्यालयले मुल्य नखुलेका पुराना सामानको मुल्य खुलाई नराखेको,<br>२. कार्यालयले उद्देश्य प्राप्तीमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी नराखेको ।</td><td></td><td></td><td></td></tr>
<tr><td>18</td><td></td><td>दरबन्दी र पदपूर्ति : कार्यालयले उपलब्ध गराएको विवरण अनुसार यस जिल्ला विकास समितिको कार्यालयमा स्वीकृत दरबन्दी २५ जना रहेको मध्ये २१ पदपूर्ति भई ४ जनाको दरबन्दी रिक्त रहेको देखिन्छ । यसरी स्वीकृत दरबन्दी अनुसार पदपूर्ति नहुँदा तोकिएको लक्ष्य अनुसार प्रगति हासिल गर्न कठिन पर्ने हुन्छ । दरबन्दी अनुरुप पदपूर्ति गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>19</td><td></td><td>बैशाख मसान्त पछि उपभोक्तासँग सम्झौता : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ३९(१४) अनुसार जिल्ला विकास समितिले बैशाख मसान्त पश्चात कुनै पनि नयाँ कार्यक्रम आयोजनामा रकम बाँडफाँड गर्न, रकम निकासा दिन, कार्यक्रम वा आयोजना कार्यान्वयनको लागि सम्झौता गर्न, पेश्की दिन वा अख्तियारी दिन पाउने छैन भन्ने उल्लेख छ । कार्यालयले यो वर्ष बिभिन्न आयोजनामा बैशाख मसान्त पछि सम्झौता गरी विभिन्न कार्यक्रम वा आयोजना संचालन गर्न सम्झौता गरी रकम उपलब्ध गराएको देखिन आयो । बैशाख मसान्त पछि सम्झौता गर्दा निर्माण कार्यको सुपरभिजन, अनुगमन गर्न कठिनाई हुने हुँदा निर्माण कार्यमा गुणस्तर कायम नहुने हुँदा समयमै सम्झौता गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ । उदाहरणार्थ :<br><table><tr><th>सि. नं.</th><th>ब.उ.शि.नं.</th><th>योजनाको नाम</th><th>सम्झौता मिति</th><th>लागत अनुमान</th><th>जि.वि.स.ले व्यहोर्ने रकम</th><th>खर्च</th></tr><tr><td>१.</td><td>3658013</td><td>इम्बुङ साप्सु चिलिङदिन पंचमी</td><td>2071/1/14</td><td>20400</td><td>170000/-</td><td>170000/-</td></tr><tr><td>२.</td><td>"</td><td>भारापा कुटीडाँडा सडक मर्मत</td><td>2071/1/8</td><td>206296/-</td><td>171896/-</td><td>171896/-</td></tr><tr><td>३.</td><td>"</td><td>जोरधारा खेल मैदान निर्माण</td><td>2071/2/29</td><td>460800/-</td><td>384000/-</td><td>384000/-</td></tr></table></td><td></td><td></td><td></td></tr>
<tr><td>20</td><td></td><td>गा.वि.स.को आन्तरिक लेखापरीक्षण : स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ६९ मा गाउँ विकास समितिको आन्तरिक लेखापरीक्षण जिल्ला विकास समितिबाट हुने उल्लेख छ । जिल्ला विकास समितिबाट गाउँ विकास समितिको लेखापरीक्षण गर्दा देखिएको व्यहोराको अभिलेख राखी गाउँ विकास समितिबाट फछ्र्यौट गरेको देखिने अभिलेख राखेको छैन । यस्तो अवस्थामा जिल्ला विकास समितिबाट औंल्याएको व्यहोरा फछ्र्यौट भए नभएको एकिन नहुने हुँदा अभिलेख राखी फछ्र्यौट गराउने तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>21</td><td></td><td>गा.वि.स.हरुको मौज्दात रहेको अनुदान रकम : स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ४७(१) क, ख र ग मा प्रत्येक आर्थिक वर्षको अन्त्यमा गाउँ विकास समितिमा निकासा भएको सबै निशर्त तथा सशर्त पुँजीगत तथा चालु अनुदानबाट भुक्तानी दिनु पर्ने रकम भुक्तानी दिई आर्थिक कारोवार बन्द गर्नु पर्नेछ र आर्थिक कारोबार बन्द गरेपछि बाँकी रहेको रकम स्थानीय निकायको मुल खातामा फिर्ता गर्नुपर्नेछ भन्ने उल्लेख छ । यसरी फिर्ता प्राप्त भएको रकम मध्ये फ्रिज गर्नुपर्ने रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नु पर्ने उल्लेख छ । यो वर्ष जिल्लाका ४१ गाउँ विकास समितिलाई निशर्त</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं. र मिति | विवरण | रकम | फछ्र्यौटको व्यहोरा | रकम |
|---|---|---|---|---|---|

अनुदान चालु तर्फ रु.१,६८,००,०००।- र पुंजीगत तर्फ रु.६,२९,००,०००।- समेत जम्मा रु.७,९७,००,०००।- अनुदान खर्च उपलब्ध गराएको देखिन्छ । अनुदान उपलब्ध गराएको रकम मध्ये कतिपय गाउँ विकास समितिमा पुँजीगत तर्फ पहिलो, दोस्रो र अन्तिम किस्ता आषाढमा उपलब्ध गराएको गाउँ विकास समितिलाई अनुदान दिएको रकम मध्ये खर्च भई बचत रहेको रकमको अभिलेख गाउँ विकास समितिबाट उपलब्ध नगराएको र जिल्ला विकास समितिले अनुगमन गरी यथार्थ विवरण तयार गरेको देखिएन । यो वर्ष ३ वटा गा.वि.स.ले निकासा भएको रकम मध्ये खर्च भइ बचत रहेको रु २९०४२२/- बेरुजु खातामा दाखिला गरेको देखिन्छ । सो को अतिरिक्त केही गाउँ विकास समितिको आन्तरिक लेखापरीक्षण ले निकासा भई बचत रहेको बचत रकम फिर्ता गर्नु पर्ने उल्लेख गरेको देखिन्छ । आन्तरिक लेखापरीक्षण बाट औँल्याइए अनुरुप वा आय व्यय विवरण अनुसार निम्नानुसारको रकम बचत रहेको तथा गत विगत देखि बचत रहेको रकम फिर्ता गर्नु पर्ने उल्लेख भएको देखियो । उल्लेखित गा.वि.स. मध्ये थर्पु र रानीटार गा.वि.स.बाट २०७१/०८/१२ मा रु २७९८५०/०६ बेरुजु खातामा रकम दाखिला भएको छ ।

| गा.वि.स.को नाम | रकम |
|---|---|
| नागी | 71009/- |
| याङनाम | 631/- |
| लुङरुपा | 1310/- |
| जम्मा | 72950/- |

निर्देशिकामा उल्लेख भए अनुरुपको मौज्दात रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता नगर्दा आर्थिक अनुशासन कायम नहुने हुँदा यसतर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।

22 **<u>पुजिगत अनुदान तर्फ :</u>**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम १० बमोजिम कुनै कारणवस उपभोक्ता समिति वा समुदाय भएकोले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना सार्वजनिक निकायलाई दिनुपर्दछ । त्यसरी सूचना प्राप्त भएपछि सार्वजनिक निकायले सो सम्बन्धमा आवश्यक जाँच गर्नुपर्ने उल्लेख छ । यो वर्ष पूजिगत अनुदान तर्फ जि.वि.स.र निम्न उपभोक्तावीच सम्झौता भएको काम तोकिएको समयमा सम्पन्न नभएकोमा उदाहरणार्थ आवश्यक जाँच गरी म्याद थप भएको देखिएन ।

| उ.भो.स.समितिको नाम | कामको विवरण | सम्पन्न गर्नु पर्ने मिति | सम्पन्न मिति |
|---|---|---|---|
| नागीन पुल भञ्ज्याङ सडक सतरोन्नति उ.भा.स. | सडक निर्माण | 2070/12/15 | 2071/1/23 |
| कुरुम्बा चाँदनी चोक दारेगौंडा उपभोक्ता समिति | ,, | 2070/12/30 | 2071/2/30 |
| चिसापानी कुरुम्बा आरुबोटे ,, | ,, | 2070/12/30 | 2071/2/3 |
| बसाँगु माङजाबुङ आङना मोटरबाटो ,, | ,, | 2071/1/30 | 2071/2/13 |
| विहिदिन थोक्पन प्राङबुङ मोटरबाटो ,, | ,, | 2070/12/30 | 2071/2/27 |

23 सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९(१) मा सार्वजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थाई लेखा नंबर र मुल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेको व्यक्ति फर्म संस्था वा कम्पनी बाट मात्र खरिद गर्नु पर्ने उल्लेख छ । मु.अ.कर नियमावली २०५३ को नियम १८ रुपैया भन्दा बढि कारोवारमा सो वापत कर विजक जारी गर्न नपाइने उल्लेख छ । देहायका फर्महरुलाई निम्नानुसारको रकम भूक्तानी खर्च लेखेकोमा मुल्य अभिवृद्धि करमा दर्ता भएको देखिएन । नियमानुसार मुल्य अभिवृद्धि करमा दर्ता भएका फर्मबाट खरिद गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

| खरिद फर्मको नाम | भूक्तानी खर्च |
|---|---|
| मेची बुक्स एण्ड स्टेशनरी | 37280/00 |
| पाँचथर सप्लायर्स | 15300/- |

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>24</td><td></td><td>
<table>
<tr><td>रिजाल प्रेस</td><td>37350/-</td></tr>
<tr><td>सन्देश क्लोथ एण्ड ट्रेडिङ</td><td>9700/-</td></tr>
</table>
<u>भत्ता :</u> स्थानीय स्वायत्त शासन ऐन, २०५५ को नियम २५० (३) मा स्थानीय निकायले आफ्नो श्रोत साधन र प्रशासनिक बजेटको परिधि भित्र रहि आफ्ना कर्मचारीलाई स्थानीय भत्ता एवं अन्य थप सुविधा दिन सक्ने र स्थानीय स्वायत्त शासन नियमावली २०५६ को निमय २५७ मा स्थानीय निकायमा कर्मचारीहरुले पाउने पारीश्रमिक भत्ता तथा अन्य सुविधा निर्धारण गर्दा नेपाल सरकारको निजामति कर्मचारीले पाउने तलव भत्ता र सुविधालाई आधार मान्नुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालयले निम्नानुसार भत्ता खर्च लेखेकोमा आधार स्पष्ट नगरेको ।
<table>
<tr><th>सि.नं.</th><th>भत्ता खर्च विवरण</th><th>कर्मचारी संख्या</th><th>वार्षिक खर्च</th></tr>
<tr><td>1</td><td>खाना भत्ता</td><td>30</td><td>590497/-</td></tr>
<tr><td>2</td><td>प्राविधिकहरुको फिल्ड भत्ता</td><td>12</td><td>365172/-</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>955669/-</td></tr>
</table>
</td><td></td><td></td><td></td></tr>
<tr><td>25</td><td></td><td>
<u>अनुसूचीको प्रयोग :</u> स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ६० (१) बमोजिम विभिन्न किसिमका अनुसूची फारामहरु राख्नु पर्ने व्यवस्था छ । कार्यालयले अनुसूचीमा तोकिएका फारामहरु अद्यावधिक गरी राखेको पाईएन । उदाहरणको लागि
<table>
<tr><td>अनुसूची</td><td>११</td><td>लगती आय खाता(व्यक्तिगत खाता)</td></tr>
<tr><td>अनुसूची</td><td>१४</td><td>आन्तरिक श्रोतको लगती असूली विवरण</td></tr>
<tr><td>अनुसूची</td><td>३५</td><td>बैंक ग्यारेन्टीको अभिलेख खाता</td></tr>
<tr><td>अनुसूची</td><td>६२</td><td>डोर हाजिरी नियन्त्रण खाता</td></tr>
<tr><td>अनुसूची</td><td>६७</td><td>आईटम वाईज कार्य अभिलेख खाता</td></tr>
<tr><td>अनुसूची</td><td>६८</td><td>ठेकेदार, उपभोक्ता समिति, गैर सरकारी संस्थाको व्यक्तिगत खाता</td></tr>
<tr><td>अनुसूची</td><td>७६</td><td>असुल गर्ने रकम को विवरण</td></tr>
</table>
</td><td></td><td></td><td></td></tr>
<tr><td>26</td><td></td><td>आन्तरिक स्रोत पुजिगत :- स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा १३ मा स्थानीय निकायको कोषको पुजिगत रकमबाट दैनिक तथा भ्रमण भत्ता, सवारी साधन मर्मत लगायत चालु प्रकृतिका खर्चमा खर्च गर्न नमिल्ने उल्लेख छ । चालु प्रकृतिका कार्यमा यस कार्यालयबाट जिल्ला परिषदबाट ,निर्देशिका तयारी गर्न रु १०००००/-, अनुगमन मूल्याङ्कनको लागि रु २०००००/- खर्च गर्ने गरि निर्णय भएअनुरुप उक्त कार्यमा खर्च गरेको देखिन्छ । उक्त खर्चको अतिरिक्त प्रकोप पीडीत सहायता ,परिषदको निर्णय पुस्तिका छपाई जस्ता कार्यमा समेत खर्च लेखेको देखिन्छ । यसरी खर्च गर्दा पुजिगत प्रकृतिको कार्यमा कम खर्च हुने हुँदा यस्तो खर्च नियन्त्रण गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>27</td><td></td><td>बढी प्रशासनिक खर्च:-आर्थिक प्रशासन नियमावली २०६४ को नियम ५५ मा ऐनको दफा २२२ को उपदफा (७) को प्रयोजनको लागि जिल्ला विकास समितिले स्वकृत बजेटको पारिधि भित्र रही ऐन बमोजिम कर शुल्क सेवा शुल्क दस्तुर र भाडाबाट उठाएको कुल रकमको पच्चीस लाख रुपैया सम्म आम्दानी हुने जिल्ला विकास समितिले अधिकतम साठी प्रतिशत, पच्चीस देखि पचास लाख रुपैया सम्म रुपैया सम्म आम्दानी हुने जिल्ला विकास समितिले अधिकतम चालीस प्रतिशत, पचास लाख देखि एक करोड रुपैया सम्म आम्दानी हुने जिल्ला विकास समितिले तीस प्रतिशत र एक करोड रुपैया भन्दा बढी आम्दानी हुने जिल्ला विकास समितिले पच्चीस प्रतिशत रकम भन्दा बढी रकम प्रशासनिक कार्यका लागि खर्च गर्न पाइने छैन भन्ने उल्लेख छ । यस जिल्ला विकास समितिले कर, शुल्क, सेवा शुल्क दस्तुर र भाडाबाट यो वर्ष रु ७८२३०४३/-असुल गरेकोमा नियमानुसार रु २३४६९१२/९० सम्म</td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td>प्रशासनिक खर्च गर्न सकिनेमा रु ३६३१५४४/- खर्च गरेको देखिन आयो । नियमानुसार खर्च गर्न मिल्ने भन्दा बढी प्रशासनिक खर्च गर्दा विकास निर्माणको कार्यमा असर पर्ने हुँदा नियमानुसार खर्च गर्न मिल्ने भन्दा रु १२८४६३१/- बढी खर्च गरेको देखिएको रु</td><td>१२८४६३१।१०</td><td></td><td></td></tr>
<tr><td>28<br><br>28<br>(क)</td><td></td><td>बक्यौता रकम : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १७२ मा स्थानीय निकायले विभिन्न कारणबाट असुल हुन नसकी वाँकी रहेको बक्यौता रकम असुल गर्न बक्यौता असुली कार्ययोजना बनाई रकम असुल उपर गर्नु पर्नेछ भन्ने उल्लेख छ । यस जिल्ला विकास समितिमा गत वर्ष सम्म रु ६३६२११/- असुल हुन बाँकी भएकोमा रु ४४४३१०/- असुल भई देहायका निर्माण व्यवसायीबाट कर दस्तुर सेवा शुल्क निम्नानुसारको रकम उठाउन बाँकी रहेको विवरण प्राप्त भएको छ । बक्यौता उठाउन कार्ययोजना तयार गरेको देखिएन । उठाउन बाँकी बक्यौता रकम उठाउने तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ ।
<table>
<tr><th>सि.नं.</th><th>ठेक्के दारको नाम</th><th>जम्मा बाँकी</th></tr>
<tr><td>१</td><td>कमल तामाङ फिदिम १ (सुम्हाल्लुङ निर्माण सेवा )</td><td>३०००००/-</td></tr>
<tr><td>२</td><td>तीर्थराज बस्नेत -भिजन सप्लायर्स एण्ड ट्रेडर्स दमक)</td><td>२८६१११/-</td></tr>
<tr><td>३</td><td>दिपेन्द्र योक्पाङदेन (श्रीङग लीला निर्माण सेवा)</td><td>१९१९०१/-</td></tr>
<tr><td colspan="2">कुल जम्मा</td><td>४७८०१२/-</td></tr>
</table>
जिल्ला उर्जा तर्फ : सुधारिएको ग्रामिण उर्जा सेवा केन्द्र शिर्षकबाट खर्च हुने निम्न कार्यक्रम जिल्ला उर्जा तथा वातावरण शाखाको संचालन खाताबाट खर्च भएको देखिएकोले संचालन खातालाई सोधभर्ना हुनुपर्ने भनि आन्तरिक लेखापरीक्षणबाट औल्याइएकोमा सोधभर्ना गरि फट्छ्यौट गरि राखेको देखिएन ।
<table>
<tr><th>सि.नं.</th><th>कार्यक्रम</th><th>खर्च रकम</th></tr>
<tr><td>क</td><td>समुदायका परिचालकहरुको भ्रमण खर्च</td><td>28000/-</td></tr>
<tr><td>ख.</td><td>सुधारिएको चुलो निर्माण तालिम</td><td>157800/-</td></tr>
<tr><td>ग.</td><td>व्यवसायिक सम्भाव्यता अध्ययन</td><td>168370/-</td></tr>
</table></td><td>३५४१७०।००</td><td></td><td></td></tr>
<tr><td>29</td><td></td><td>केन्द्रियस्तर तर्फ : सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत अपांग, ज्येष्ठ नागरिक एकल महिला र दलित गरि प्रथम चौमासिक अवधिको वितरण भर्पाई अनुसार ११०५१ जनालाई र वालापोषण तर्फ ११०६ जना लाई वितरण गरेको देखियो । राष्ट्रिय जनगणना २०६८ अनुसार यस जिल्लाको कुल जनसंख्या १९१८१७ रहेकोमा जनसंख्याको अनुपातमा ६.३३ प्रतिशत व्यक्तिलाई भत्ता उपलब्ध गराएको देखियो ।<br>(क). भत्ता वितरण : सामाजिक सुरक्षा संचालन कार्यविधि २०६९ को बुँदा नं. १३ (२) मा गाउँविकास समिति, नगरपालिकाको सचिवले यस कार्याक्रम वापत प्राप्त भत्ता बृत्ति र अनुदान रकम परिचयपत्र प्राप्त गरेको सम्बन्धित व्यक्तिहरुलाई आ-आफ्नो क्षेत्रमा प्रथम चौमासिकमा बडा दशैं पूर्व आश्विन १ गते दोस्रो चौमासिकमा माघ १२ गते र तेस्रो चौमासिकमा ज्येष्ठ १५ गते भूक्तानी दिनु पर्ने छ भनि उल्लेख भएको छ । जि.वि.स.ले अन्तरगतका केही गा.वि.स.का लागि प्रथम चौमासिक निकासा मिति २०७०/१०/०५ गते र तेस्रो चौमासिक निकासा २०७१/३/२० गते सम्म दिएको देखियो । कार्यविधिले तोके बमोजिम भत्ता वितरण गर्न समयमा निकासा नदिँदा जुन उद्देश्यले लक्षित वर्गमा भत्ता वितरण गर्न खोजिएको हो सो अनुरुप लक्षित व्यक्तिले भत्ता पाउने समय र रकम सम्बन्धमा पूर्वानुमान गरी ढुक्कसँग बस्न सक्ने अवस्था देखिदैन । अतः कार्यविधिले व्यवस्था गरेको समयमा भत्ता वितरण गरी लक्षित समूहलाई पूर्ण रुपमा आश्वस्त बनाउन समयमै बजेट निकासा दिने र वितरण गर्ने प्रणालीको अवलम्बन गर्नु जरुरी देखिन्छ ।<br>(ख). आ.व.को अन्त्य सम्म फछ्र्यौट नभै बाँकी रहेको पेश्की : समयमै वजेट निकासा नदिएको हुँदा पेश्की लगेको रकम सोही आ.व.मा वितरण गरी फछ्र्यौट समेत हुन नसकी २६ वटा गाउँ विकास समितिहरुको पछिल्लो वर्षमा पेश्कीको जिम्मेवारी सरेको</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं. र मिति | विवरण | रकम | फछ्र्यौटको व्यहोरा | रकम |
|---|---|---|---|---|---|
| | | देखिन्छ । सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधिको बुँदा १३ (२)मा गाउँविकास समिति/नगरपालिकाको सचिवले यस कार्यक्रम वापत भत्ता/बृत्ति रकम सम्बन्धित व्यक्ति लाई तेस्रो चौमासिक किस्ता नेपाल गणतन्त्र घोषणा भएको ऐतिहासिक दिन ज्येष्ठ १५ गते भूत्तानी दिनु पर्ने व्यवस्था र १३ (६) (घ) मा प्रत्येक चौमासिक भूक्तानी गरेको रकमको भर्पाइ भूक्तानी गरेको १५ दिन भित्र पेश्की फछ्र्यौटको लागि जिल्ला विकास समितिको कार्यालयमा पठाउने व्यवस्था छ । साथै १३(६) (ख) मा एक आ.व.को रकम अर्को आ.व.मा दिन नमिल्ने व्यवस्था गरेको छ । ३८ गा.वि.स.मध्ये केही गा.वि.स.को पहिलो पेश्की र पे.फ. को स्रेस्ता परिक्षण गर्दा कार्यविधिको समयसिमा भित्र पे.फ. गरेको पाइएन ।<br>**(ग)** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०६९को बुँदा नं. ६ मा यस कार्यविधि बमोजिमको सुविधा उपभोग गर्न इच्छुक र योग्य नागरिकले अनिवार्य रुपमा परिचयपत्र लिनु पर्नेछ । परिचय पत्र प्राप्तीका लागि अनुसूचिहरुमा तोकिएको ढाँचाका फारामहरु गा.वि.स./न.पा.ले निशुल्क रुपमा उपलब्ध गराउने छ भन्ने छ । उक्त बुँदा ६ सँगै सम्बन्धित अनूसूचि ६(ज) मा बालबालिकाको परिचयपत्र उपलब्ध गराई पाउँ भन्ने व्यहोराको निवेदन को व्यवस्था भएको छ । उक्त निवेदनमा मेरो अभिभावकले वा संरक्षकत्वमा रहेको वालवालिकाको लागि वालसंरक्षण अनुदान प्राप्त गर्ने प्रयोजनार्थ सो वालवालिकाको जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि र २ प्रति फोटो संलग्न राखी निवेदन दिनु पर्ने व्यवस्था गरेको छ । कार्यालयले यस गो.भौ.साथ संलग्न राखेको वाल पोषण भत्ता वितरण विवरणमा ५१ जना वालवालिका लाई भत्ता वितरण गरेता पनि सि.नं. ३५ देखि. ५१ सम्मको वालवालिकामा जन्म दर्ता परिचय पत्र नं. उल्लेख भएको पाइएन । | | | |
| 30<br><br><br><br>31 | <br><br><br>32/070/9/26 | ***ब.उ.शि.नं. ३६५८०१३ निर्वाचन क्षेत्र विकास कार्यक्रम :*** यस कार्यक्रमको लागि मिति २०७१/२/२२ मा रु ५०,००,०००/- अख्तियारी प्राप्त भएको मध्ये ५ प्रतिशत प्रशासनिक खर्चको लागि सभासदको कार्यसंचालनको लागि निकासा भएको देखिन्छ । उक्त खर्च कट्टा गरि संसद निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तर्गतको रकम गाउँविकास समितिको कार्यालयमा योजना संचालन गर्नको लागि रु ४४८०७५०/- निकासा भएको देखिन्छ । निर्वाचन क्षेत्र विकास कार्यक्रम (संचालन कार्यविधि ) नियमावली २०५८ को नियम ९(१) बमोजिम कार्यक्रमा भएको खर्चको विल भौचर सहितको विवरण सम्बन्धित समिति वा कार्य सम्पन्न गर्ने निकायले जिल्ला विकास समितिको कार्यालयमा पेश गर्नु पर्ने उल्लेख भएकोमा खर्चको प्रगति विवरण पेश हुन आएको देखिएन ।<br>**कोष पुजिगत तर्फ :**<br>आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा यस नियमावली बमोजिम खर्च गर्दा खर्चको वील भर्पाई सहित लेखा राख्नु पर्ने उल्लेख छ । प्रकोप पीडित तथा बाढी पीडितलाई राहत वितरण खर्चको प्रस्तुत फाँटवारी अनुसार रु २००००/- खर्च लेखेको वील भर्पाई परिक्षण गर्दा रु १६९००/- मात्र को वील भर्पाई संलग्न रहेकोले विल भर्पाई वेगर खर्च लेखेको रु | 3100/- | | |
| 32 | | ***पेश्की सम्बन्धमा :***<br>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२ (१) मा पेश्की लिनु पर्दा कुन कार्यको लागि के कति रकम चाहिने हो सो को विवरण पेश गर्नुपर्ने , नियम १८२ (२) मा अधिकार प्राप्त अधिकारीले सम्बन्धित कामको लागि आवश्यक पर्ने भन्दा बढी नहुने गरी पेश्की दिने कर्मचारीको हकमा पद र प्रयोजन तथा गैर कर्मचारीको हकमा त्यस्तो व्यक्तिको तीन पुस्ते स्थायी, अस्थायी ठेगाना समेत स्पष्ट लेखी पेश्की दिनु पर्ने, नियम १८२ (३) मा तोकिएको म्याद भित्र तोकिएको कार्याविधि अपनाई फछ्र्यौट गर्ने वा गराउने पेश्की दिने लिने दुवैको कर्तव्य रहने व्यवस्था छ । त्यस्तै नियम १८५ (२) मा पेश्की दिनुपर्ने ठेक्का कवुलियतनामा गर्दा काम तामेल हुनु पर्ने भनी तोकिएको म्याद भित्र काम तामेल नभई पेश्की वाँकी रहन गएमा त्यस्तो पेश्की रकमको म्याद नाघेको मिति देखि वार्षिक दश प्रतिशतका दरले व्याज र साँवा समेत बुझाउनु पर्ने कुरा कवुलियतनामाको शर्तमा उल्लेख हुनुपर्ने व्यवस्था छ । नियमावलीको प्रावधान पुरा नगरी निम्न संघ संस्था, व्यक्ति, कर्मचारीहरुलाई निम्न वजेट शिर्षकका कार्यक्रमहरुवाट निम्न अनुसार पेश्की दिएको पाइयो । आर्थिक वर्षको अन्त्य सम्म फछ्र्यौट नभई वाँकी रहेको निम्न शिर्षक अर्न्तरगतको पेश्की नियमानुसार फर्छौट हुनु पर्ने रु | ४४,६८,०००।०० | | |

| सि. नं. | ब.उ.शि.नं. | पेश्की दिएको शिर्षक | पेश्की दिएको मिति | पेश्की गएको गा.वि.स. | पेश्की रकम | पेश्कीको प्रयोजन |
|---|---|---|---|---|---|---|

| सि.नं. | भौ.नं. र मिति | विवरण | रकम | फछ्र्यौटको व्यहोरा | रकम |
|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १. | 3650153 | ज्येष्ठ नागरिक | 2071/3/3 | पौवासारताप | 457200/- | सामाजिक सूरक्षा अनुदान |
| २. | " | ,, | " | रानीगाउँ | 1008000/- | ,, |
| ३. | " | ,, | " | वलने | 26400/- | ,, |
| 4 | " | ,, | " | लुङरुपा | 524800/- | ,, |
| 5 | ,, | ,, | ,, | पंचमी | 675600/- | ,, |
| 6 | ,, | ,, | ,, | भारापा | 194400/- | ,, |
| 7 | ,, | ,, | ,, | सुभाङ | 40800/- | ,, |
| 8 | ,, | ,, | ,, | फलैचा | 362800/- | ,, |
| 9 | ,, | ,, | ,, | नागी | 14000/- | ,, |
| 10 | ,, | ,, | ,, | इम्बुङ | 52800/- | ,, |
| 11 | ,, | ,, | ,, | आङना | 46400/- | ,, |
| 12 | ,, | ,, | ,, | सिदिन | 470800/- | ,, |
| 13 | ,, | ,, | ,, | थर्पु | 594000/- | ,, |
| कुल जम्मा | | | | | 44,68,000/- | |

33 33/071/3/25

34

**ब.उ.शि.नं. ३६५८३७३:** निर्माण कार्यको भुक्तानी गर्दा कार्यभए अनुरुप भूक्तानी हुनु पर्दछ । लुवा खोला सावाखोला सिचाई योजना उपभोक्ता समितिलाई योजनामा इस्टोन मेसिनरी १/६ को कार्य गरेवापत नापी कितावमा उल्लेख भएअनुरुप ७७.३४ घ.मी. को भूक्तानी गर्नु पर्ने मा ७९.२७ घ.मी.को रु ८७३२/५९ का दरले भूक्तानी गर्दा १.९३ घ.मी.को रु १६८५३/८९ बढी भूक्तानी भएको देखियो । बढी भूक्तानी भएको रकम असुल हुनु पर्दछ । — रकम: १६८५३।८९

**ब.उ.शि.नं. ३६५८०४३:** सामान खरिद गर्दा यथासक्य प्रतिस्पर्धा सिमित हुने गरी पटक पटक खरिद गर्नु हुदैन । यस कार्यक्रमबाट पटक पटक पाइप तथा फिटिङ्स खरिद गरी रु ७६०४३७/- र औजार खरिद गरि रु २०५०७४/- खर्च गरेको देखिन्छ । योजनाको लागि खरिद भएको पाइप तथा फिटिङ्स खरिद गर्दा नापी कितावमा उल्लेख गर्नु गरिएको भएतापनि निर्माण कार्यमा प्रयोग भएको फिटिङ्स तथा पाइप खर्च नापी कितावमा उल्लेख गर्ने गरिएको देखिएन । यस्तो अवस्थामा आन्तरिक नियन्त्रण नहुने हुँदा यस तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ । यो वर्ष खानेपानी योजनामा भएको पाइप लाइन कार्य र योजनामा गएको पाइप हस्तान्तरणको परिक्षण गर्दा देहाय अनुसार देखियो ।

| योजनाको नाम | योजनामा यो वर्ष हस्तान्तरण भएको पाइप (मिटरमा ) | पाइप लाइन खन्ने पुर्ने (मिटरमा) | नापी किताबमा देखिएको पाइप खर्च |
|---|---|---|---|
| प्राङबुङ खाने पानी योजना | 1850 | 2500 | - |
| एकतीन खानेपानी योजना भाङटार | 3500 | 1300 | - |
| बेतबोटे आङना ७ खा.पा.यो. | 3550 | 1600 | - |

35 57/071/3/25

योजनामा पाइप हस्तान्तरण हुना साथ खर्च नहुने, अघिल्लो वर्ष गएको पाइप बाट समेत कार्य हुने हुँदा योजनाको एउटै नापी किताव राखी निर्माण कार्यको लागि गएको पाइप तथा फिटिङको विवरण र खर्च देखिने गरि नापी किताबमा अभिलेख राख्ने तर्फ व्यवस्था हुनुपर्ने देखिन्छ ।

36 58/071/3/25

**ब.उ.शि.नं. ३६५८०८३:** इस्टीमेट अनुरुप निर्माण कार्य गराई भूक्तानी गर्नु पर्दछ । फिदिम रानीगाउँ यासोक आङना मौवा दुर्दिम्बा

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>37</td><td></td><td>मोटर बाटोमा कार्य गरेबापत वाई पी.आर. निर्माण सेवालाई माटो खन्ने कार्य ७४६५.६७ घ.मी.कार्य गरेको देखिन्छ उक्त कार्यको इस्टीमेट गर्दा ५५ प्रतिशत नरम चट्टान हुने र ४५ प्रतिशत कडा माटो हुने उल्लेख गरेको र नापी लिँदा पनि एक मुष्ठ नापी लिएकोले सोही वर्गीकरण अनुसार हुने ४१०६.१२ घ.मी. को र ३३५९.५५ घ.मी. गरी भूक्तानी गर्नु पर्नेमा कडा माटोको कार्य गरेबापत १८६६.४४घ.मी को रु ४०/- का दरले र ५५५९.२५ घ.मी.को रु ४७/- का दरले भूक्तानी गरेको देखियो । यसरी इस्टीमेटमा उल्लेखित प्रतिशत भन्दा फरक हुने गरि भूक्तानी गर्दा ११८१०/३१ बढी भूक्तानी भएकोले उक्त रकम असुल हुनु पर्दछ रु<br>फिदिम रानीगाउँ यासोक आङना मौवा दुर्दिम्बा मोटर बाटोमा वाइ.पी.आर निर्माण सेवा बाट नापी किताव पेज.नं. ७ मा Back cutting for Imrovment of loop , curve and extra widing of road च्यानेज नं १४+११५ देखि १४ +२०० सम्म २०७१/३/१९ मा कार्य गरेको भनी भूक्तानी भइसकेकोमा होमल्याण्ड कन्स्ट्रक्सनलाई सोझै कार्य गर्न दिई मिति २०७१/३/२४मा १४ +०९० देखि १४ +२१० सम्म सोहि च्यानेज दोहोरिने गरि ८५ मिटरको माटो खन्ने कार्य गरेको (७.३१ औसत कटिङ) ले हुने ६२१.३५ घ.मी.को बढी भूक्तानी भएको देखिन्छ । वर्गीकरण अनुसार कडा माटो ३१.०७ घ.मी को रु ८७/- का दरले, नरम चट्टान १५५.३४घ.मी . को रु ११६/- दरले र कडा चट्टान ४३४.९५ घ.मी.को रु १४८/- का दरले हुने रु ८५०९५/१३ बढी भूक्तानी भएको रकम असुल हुनुपर्दछ । रु<br><u>धरौटी तर्फ:</u>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १७७ (२) मा धरौटी रकम फिर्ता पाउने व्यक्तिले धरौटी रकम फिर्ता लिन पाउने म्याद तोकेको भएमा सोही म्यादभित्र र म्याद नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो काम कार्यवाही अन्तिम रुपमा समाप्त भएको मितिले एक वर्षमा धरौटी रकम फिर्ता पाउन रसिद साथ निवेदन दिनुपर्ने उल्लेख छ । त्यस्तै उपनियम ३ मा म्यादभित्र धरौटी फिर्ता लिन नआएमा नियम १७८ बमोजिमको कार्यविधि अपनाइ अधिकार प्राप्त अधिकारीले स्थानीय निकायको कोषमा आम्दानी बाँध्नुपर्ने छ भन्ने उल्लेख छ । यस कार्यालयको व्यक्तिगत धरौटी खाता परीक्षण गर्दा २०६५/०४/०१ मा अल्या गर्दा विगत आर्थिक वर्षको भनि देहायका व्यक्ति तथा संस्थाको नामको धरौटी जिम्मेवारी सारेकोले नियमानुसार सदर स्याहा गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।<br><u>उदाहरणर्थ</u>
<table>
<tr><td>फर्मको नाम</td><td>धरौटी रकम</td></tr>
<tr><td>न्यु गणेश निर्माण सेवा</td><td>164717/40</td></tr>
<tr><td>लक्ष्मी प्लास्टीक प्रा.लि.</td><td>20335/-</td></tr>
<tr><td>नेपाल पोली पाइप प्रा.ली .</td><td>20335/-</td></tr>
<tr><td>सिजन इन्टर नेशनल इन्टर प्राइजेज</td><td>11350/-</td></tr>
<tr><td>योङया निर्माण सेवा</td><td>4316/-</td></tr>
</table></td><td>११८१०।३१<br><br>८५०९५/१३</td><td></td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं.</th><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>रकम</th><th>फछ्र्यौटको व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>38</td><td></td><td>

**स्थलगत निरिक्षण:** मिति २०७१/७/२५ मा इन्जिनीयर श्री प्रेम बहादुर काफ्ले, सहायक आन्तरिक लेखापरीक्षक श्री दिपेन्द्र कुमार चेम्जोङ र लेखापरिक्षण टोली सहित जोर पोखरी काउले एकतीन सडक र एकतीन गा.वि.स. स्थीत भाङटार खाने पानी योजनाको स्थलगत निरिक्षण गरिएको थियो । यो वर्ष मर्मत गरिएको स्टोन सोलिङको एक खण्ड निरिक्षण गर्दा गुणस्तरिय ढुङ्गा नरहेको, सोलिङ कार्य नापी कितावमा २० से.मि. मा थिकनेस कार्य गरेको देखाएकोमा नमुना परिक्षण गर्दा १५ से.मि. मात्र रहेको देखियो ।

खानेपानी योजनाको निरिक्षण गर्दा इन्टेक र फेरोसिमेन्ट ट्याङ्क निर्माण कार्य भई कतिपय अस्थायी रुपमा धारा समेत सञ्चालन भएको देखियो । कार्यालयबाट उपलब्ध गराइएको सम्पुर्ण पाइप तथा फिटिङ प्रयोग नभई भण्डारण गरिराखेको र कतिपय पाइप अस्थायी रुपमा प्रयोगमा ल्याएको देखियो । उक्त पाइप प्रयोग गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

योजना अनुगमन तथा प्रशासकिय अधिकृत श्री रुद्र प्रसाद कार्की , लेखापाल श्री हिमाल पौडेल र लेखापरिक्षण समेतको टोली फिदिम न.पा. स्थीत ल्याण्ड फिल्ड साइडको निरीक्षण गरिएको थियो । उक्त योजनामा च्यानेज नं. ०+००० देखि १ +५०० सम्म सडक चौडा गर्ने कार्य अन्तर्गत कडा माटो र सामान्य चट्टान र कडा चट्टानको कार्य गर्ने गरि निर्माण व्यवसायी श्री अधिकारी निर्माण सेवा सँग रु ९५७७०४/६६ मा सम्झौता भएकोमा रु ९५७७०४/- खर्च लेखेको देखिन्छ । निरिक्षण गर्दा केही ठाउँको भित्तामा कडा चट्टान देखिएकोमा उक्त कार्य गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

<u>भाङटार खानेपानी योजना एकतीन</u>



<u>जोर पोखरी काउले एकतीन सडक</u>



</td><td></td><td></td><td></td></tr>
<tr><td>39</td><td></td><td>

**<u>बेरुजु फर्छ्यौट विवरण :</u>** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम २०६ बमोजिम अन्तिम लेखापरीक्षणबाट कायम भएको बेरुजु असुल फर्छ्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त वेरुजु विवरण अनुसार रु ३२१४४१६३/- बेरुजु कायम रहेकोमा रु.१५०१८४००/- अर्थात ४६.७२ प्रतिशत फछ्र्यौट भई रु.१७१२५७६३ बाँकी जनाएको छ । बेरुजु फछ्र्यौट हुन नसक्नुमा सम्बन्धित कार्यालयबाट प्रमाण कागजात प्रस्तुत नहुनु नै मूख्य कारण रहेको पाइन्छ । यसबाट हरेक वर्ष बेरुजुको परिमाण थप हुदै गई आर्थिक व्यवस्थापन कमजोर हुने सम्भावना रहन्छ । बाँकी बेरुजु रकम नियमानुसार फछ्र्यौट गर्नुपर्ने देखिन्छ ।कार्यालयले सम्परीक्षणको लागि रु १५१३४२००/-अनुरोध गरेकोमा देहाय अनुसारको रु. १५१३४२००/- फछ्र्यौट गरिएको छ ।

<table>
<tr><th>सि.नं.</th><th>बजेट उपशिर्षक</th><th>आ.व.</th><th>वेरुजुको दफा</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>3650153</td><td>2068/69</td><td>17.4</td><td>प्राङबुङ गा.वि.स.</td><td>123000/-</td></tr>
</table>

</td><td></td><td></td><td></td></tr>
</table>

| सि.नं. | भौ.नं. र मिति | विवरण | | | | | | रकम | फछ्र्यौटको व्यहोरा | रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २. | 3658093 | 2069/70 | 27 | सुलिबुङ झोलुङ्गे पुल निर्माण | 240000/- | | | |
| | | ३. | | | | भोर्लेनी झो.पु. निर्माण उ.स. | 200000/- | | | |
| | | ४. | | | | सोमबारे झो.पु.निर्माण उ.स. | 300000/- | | | |
| | | ५. | | | | वरडाँडा झो.पु.निर्माण उ.स. | 200000/- | | | |
| | | ६. | | | | असिने ट्रस पुल निर्माण उस. | 100000/- | | | |
| | | ७. | युनिसेफ | 2069/70 | 3 | ना.सु.दुर्गा तिम्सिना | 42400/- | | | |
| | | ८. | " | | | नेपाल रेडक्रस सोसाइटी | 80000/- | | | |
| | | ९ | " | | | नेपाल जनउद्वार संघ | 56400/- | | | |
| | | १० | जि.वि.स.अनुदान | | | कर्मचारी मिलन केन्द्र | 50000/- | | | |
| | | ११ | सामाजिक सुरक्षा कार्यक्रम | 069/70 | 27 | निम्न गा.वि.स.लाई गएको सामाजिक सुरक्षा बापतको रकम पेश्की फछ्र्यौट | | | | |
| | | | | | | रानिटार | ७०४४००/– | | | |
| | | | | | | नागीन | १५०२४००/- | | | |
| | | | | | | फात्तेप | ६,०१,२००/- | | | |
| | | | | | | सराङडाँडा | १००००/- | | | |
| | | | | | | एकतिन | १६०००/- | | | |
| | | | | | | नागी | ८४०००/- | | | |
| | | | | | | मौवा | ६३८०००/- | | | |
| | | | | | | आङना | ४८८८००।००- | | | |
| | | | | | | अमरपुर | ८०००/- | | | |
| | | | | | | प्राङबुङ | ३७८०००/- | | | |
| | | | | | | सुभाङ | ७७६०००/- | | | |
| | | | | | | माङजाबुङ | ४३८८००/- | | | |
| | | | | | | च्याङथापु | ३२६८००/- | | | |
| | | | | | | रानिगाउँ | ८६४४००/- | | | |
| | | | | | | स्यावरुम्बा | ५०१२००/- | | | |
| | | | | | | नवमीडाँडा | ६०८८००/- | | | |
| | | | | | | लुम्फाबुङ | ३१७६००/- | | | |
| | | | | | | यासोक | ६७१६००/- | | | |
| | | | | | | पंचमी | १३३६००/- | | | |
| | | | | | | लुङरुपा | ८८५६००/- | | | |
| | | | | | | ओयाम | ४७२४००/- | | | |
| | | | | | | लिम्बा | ६०००/- | | | |

| सि.नं. | भौ.नं. र मिति | विवरण | | | | | | रकम | फछ्र्यौटको व्यहोरा | रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | दुर्दिम्बा | ६००० /- | | | |
| | | | | | | फलैंचा | ८२००० /- | | | |
| | | | | | | भारापा | ६५९२०० /- | | | |
| | | | | | | थर्पु | ९७१२०० /- | | | |
| | | | | | | वलने | १६४०० /- | | | |
| | | | | | | सिदिन | १४४९२०० /- | | | |
| | | | | | | फिदिम | १२४८०० /- | | | |
| | | | | | | *कुल जम्मा* | १,५१,३४,२०० /- | | | |